# नेपाल विद्युत प्राधिकरण

## प्रशारण निर्देशनालय

### ग्रिड संचालन विभाग

# **काठमाण्डौ ग्रिड महाशाखा**

मिनभवन, काठमाण्डौं

**बेकम्मा पुराना सामानहरु लिलाम बिक्री सम्बन्धि बोलपत्र फारम**

बोलपत्र सूचना नं. NEAKGD-2083/084-Lilam-01

बोलपत्र प्रकाशन मिति :- २०८३/०४/१५

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- - २०८३/०५/१५ गते विहान १२ वजे सम्म ।


बोलपत्र खोल्ने मिति :- - २०८३/०५/१५ गते दिउंसो २ वजे ।

**सम्पर्क कार्यालय :**

**काठमाण्डौ ग्रिड महाशाखा,नेपाल विद्युत प्राधिकरण**

**मिनभवन, काठमाण्डौं**

फोन नं. ०१-४१०६६५८/०१-४१०६७९७



नेपाल विद्युत प्राधिकरण

प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौं

<u>लिलाम बिक्रीको बोलपत्र कागजात</u>

लिलाम बढाबढ बोलपत्र आव्हान सुचना नं. :- NEAKGD-2083/084-Lilam-01

लिलामको विवरण :- पुराना बेकम्मा सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम गरिने ।

बोलपत्रदाताको नाम :-

बोलपत्रदाताको ठेगाना :-

बोलपत्र प्रकाशन मिति :- २०८३/०४/१५

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- - २०८३/०५/१५ गते विहान १२ वजे सम्म ।

बोलपत्र खोल्ने मिति :- - २०८३/०५/१५ गते दिउंसो २ वजे ।

टेलिफोन नम्बर :- . ०१-४१०६६५८/०१-४१०६७९७

नेपाल विद्युत प्राधिकरण

प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौं

**विषय :-**

(क) बोलपत्रको सूचना

(ख) बोलपत्रको लागि आवेदन फाराम

(ग) लिलाम बिक्री बोलपत्र दिनेबारे निर्देशन तथा शर्तहरु

(घ) परिमाण र मूल्य पत्र

नेपाल विद्युत प्राधिकरण

प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौं

## (क)

**लिलाम बिक्री सम्वन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०८३/०४/१५ गते )

**नेपाल विद्युत प्राधिकरण काठमाण्डौ ग्रिड महाशाखा, काठमाण्डौं**को भक्तपुर,स्युचाटार,मातातिर्थ,चपली सवस्टेशन परिसरमा रहेका बेकम्मा भई काम लाग्न नसक्ने, टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनि किटान भएका वा मर्मत हुन सक्ने भएपनि पुरानो मोडल, त्यसको पार्टपूर्जाको अभाव भएको वा प्रविधि परिवर्तनको कारण वर्तमान अवस्थामा अनुपयोगि भनि जिन्सी निरीक्षण प्रतिवेदनवाट ठहरिएका मालसामानहरु मध्ये फलामका केवल ड्रमहरु,आयल ड्रमहरु लगायत फलाम र फलामजन्य सामानहरु जे जस्ता अवस्थामा रहेका छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/व्यक्ति बाट बोलपत्र आह्वान गरिएको छ । लिलाम सम्वन्धी वोलपत्रको कागजात www.bolpatra.gov.np/egp वाट डाउनलोड गरी हेरी दर्ता गर्न सकिनेछ

**शर्तहरु :**

१) बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले तीसौं दिन सम्म E-bid मार्फत बोलपत्रदाताले फर्म/कम्पनी दर्ता, कर दर्ता प्रमाणपत्र र हाल सम्मको नविकरण/कर चुक्ता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि तथा व्यक्तिको हकमा पान नं र नागरिकता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि सहित **ने.वि.प्रा. काठमाण्डौ ग्रिड महाशाखाको** नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505422 मा पछि फिर्ता नहुने गरी ने.रु.१५००/०० (अक्षरुपी एक हजार पांच सय रुपैयाँ मात्र) जम्मा गरी सो को सक्कल बैंक भौचर समाबेश गर्नु पर्नेछ ।

२) सूचना प्रकाशित भएको मितिले एकतीसौं दिन दिनको १२ बजे E-Bidding मार्फत बोलपत्र दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवर (प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा नपर्ने) मा **ने.वि.प्रा. काठमाण्डौ ग्रिड महाशाखा**, काठमाण्डौंमा खोलिनेछ । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ । माथि उल्लेखित स्थान बाहेक अन्यत्र दर्ता भएका बोलपत्र स्वतः रद्ध हुनेछ ।

३) E-Bid Document मा Bid security Fee बापतको रकम अन्यत्र जेसुकै लेखिएको भएतापनि बोलपत्रमा आफूले कवोल गरेको रकमको १० (दस) प्रतिशत बराबरको नगद ने.वि.प्रा., **काठमाण्डौ ग्रिड महाशाखाको** नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505422 मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको यस कार्यालयका नाममा जारी भएको कम्तीमा १२० (एकसय बीस) दिन म्याद भएको विना शर्तको बैक जमानत पत्र समावेश हुनु पर्नेछ ।

४) लिलाम गरिने सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लैजानु पर्नेछ । लिलाम हुने पुराना सामानहरुमा कर लाग्ने भएमा नियमानुसार लाग्ने सम्पूर्ण कर सम्वन्धित बोलपत्रदाताले नै तिर्नु/बुझाउनु पर्नेछ ।

५) यस महाशाखाको लिलाम गरिने पुराना सामानहरु (जम्मा तौल ७००३३ के.जी) को न्युनतम मूल्याङकीत रकम रु.४५,५२,१४५।-(पैतालिस लाख बाउन्न हजार एक सय पैंतालिस मात्र) र मु.अ.कर सहित ने.रु.५१,४३,९२३।८५ (अक्षरुपी एकाउन्न लाख त्रिचालिस हजार नौ सय तेइस रुपैयां र पैसा पचासी मात्र ) रहेको छ । न्युनतम मूल्याकंन रकम भन्दा सवैभन्दा बढी मूल्य बोल कवोल गर्ने बोलपत्रदाताको वोलपत्र स्वीकृत गरिनेछ ।

६) लिलामीमा रहेका पुराना सामानहरु काठमाण्डौ ग्रिड महाशाखा अर्न्तगतका मातातिर्थ,स्युचाटार,भक्तपुर र चपली सवस्टेशनमा गई हेर्न सकिनेछ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४१०६७९७/०१-४१०६६५८ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल विद्युत प्राधिकरण
प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौं

**(ख)**

## बोलपत्रको लागि आवेदन फारम

**बोलपत्र नं.**

**कार्य विवरण** :- पुराना काम नलाग्ने बेकम्मा सामानहरु लिलाम बिक्री खरिद गर्न पेश गरेको दर रेट विवरण ।

श्री महाशाखा प्रमुखज्यू,
काठमाण्डौ ग्रिड महाशाखा,नेपाल विद्युत प्राधिकरण
मिनभवन,काठमाण्डौ ।

महोदय,
मैले/हामीले त्यस कार्यालयको मिति २०८३/..../.... गतेको .......................मा सूचना बमोजिम लिलाम बिक्री हुने पुराना बेकम्मा सामानहरु हेरें/हेर्‍यौं र उल्लेख भएका सामानहरुको मूल्यपत्र आदि कागजातहरुको राम्रोसँग अध्ययन तथा जाँच गरे पछि मैले/हामीले ( तल सहिछाप गर्ने), रु............... (अक्षरुपी..........................................मात्र) मा उल्लेखित शर्त परिमाणको मूल्य आदि सम्पूर्ण सामानहरु उठाई लैजान मन्जुरी जनाई पेश गरेको छु/छौं । कुनै कारण जनाई वा नजनाई आंशिक वा पूरा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार त्यस प्राधिकरणमा सुरक्षित रहेको व्यहोरा जाने बुँझेको छु/छौं ।

बोलपत्रदाता व्यक्ति/फर्म/कम्पनीको नाम थर :-

बोलपत्रदाताको दस्तखत :-

स्थायी ठेगाना :-

अस्थायी ठेगाना :-

मिति :-

सम्पर्क फोन नं.:-

नेपाल विद्युत प्राधिकरण
प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौं

(ग)

**लिलाम बिक्री बोलपत्र सम्बन्धी निर्देशन तथा शर्तहरु**

**१) बोलपत्रको आधार** :-

बोलपत्रको भाषा नेपाली हुनेछ । बोलपत्र सम्बन्धी निर्देशन तथा शर्तहरु निम्न कागजात अनुसार कार्यान्वयन गरिनेछ ।

(क) बोलपत्र

(ख) बोलपत्रका शर्तहरु

(ग) परिमाणको मुल्यपत्र

बोलपत्रका सम्बन्धमा कुनै कुरा प्रष्ट नभएमा नेपाल विद्युत प्राधिकरण काठमाण्डौ ग्रिड महाशाखा,मिनभवन काठमाण्डौंमा सम्पर्क राखी वा यस सम्बन्धी प्रष्ट बुँझेर मात्र यो बोलपत्र दाखिला गर्नु पर्नेछ ।

**२) परिमाणको व्याख्या** :-

बोलपत्रदाताले यस बोलपत्रमा उल्लेख गरिएको कार्यालयको काममा प्रयोगमा नआउने बेकम्मा पुराना सामानहरु सबैको मुल्य अंकित गर्नु पर्नेछ । कार्यालयवाट गठित कमिटीले एकिन गरी सफल वोलपत्रदाता लाई हस्तान्तरण गरिनेछ ।

**३) स्थलगत निरीक्षण** :- काठमाण्डौ ग्रिड महाशाखाको लिलाम गर्ने सामानहरु भएको मातातिर्थ,चपली,भक्तपुर र स्युचाटार सवस्टेशन परिसरमा रहेका कार्यालयको काममा प्रयोगमा नआउने पुराना लिलामी सामानहरु कार्यालय समय भित्र हेर्न एवं जानकारी लिन सकिनेछ । टुटफुट भएका कारण कतिपय सामानहरुको परिमाणमा सामान्य थपघट हुन सक्नेछ, सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा उठाई लैजानु पर्ने भएकोले सामानहरुको अवस्था जानकारी लिएर मात्र बोलपत्रमा भाग लिनुपर्नेछ, यस सम्बन्धमा पछि कुनै प्रकारको अनभिज्ञता प्रकट गर्न पाइने छैन ।

४) **बोलपत्र भर्ने** :-

बोलपत्रदाताले प्राधिकरणबाट उपलब्ध गराईएको फारममा उल्लेख भएको सबैकुरा खुलाई प्रत्येक पानामा सहिछाप गर्नु पर्नेछ । परिमाणको मूल्य, दर तालिकाको निर्दिष्ट स्थानमा अंक र अक्षरमा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ । बोलपत्र रकम नेपाली रुपैयाँमा उल्लेख गर्नु पर्नेछ ।

५) **बोलपत्रको लागि धरौटी रकम** :-

बोलपत्रसाथ बोलपत्रदाताले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत नेपाल विद्युत प्राधिकरण काठमाण्डौ ग्रिड महाशाखाको नाममा नबिल बैक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505422 मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक जमानतको हकमा कम्तिमा १२०(एकसय बीस दिन) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत संलग्न गर्नु पर्नेछ। उपरोक्तानुसारको बैंक जमानत संलग्न नभएको बोलपत्र स्वतः अमान्य हुनेछ । असफल बोलपत्रदाताको धरौटी रकम सफल बोलपत्रदाताले कबोल गरे अनुसारको सम्पूर्ण रकम जम्मा गरी सम्झौता गरे पछि मात्र फिर्ता गरिनेछ ।

६) **बोलपत्र दाखिला गर्ने तथा खोल्ने** :-

बोलपत्र सुचना प्रकाशन भएको ३१ औं दिनको १२:०० बजे भित्र **E-Bid** मार्फत नेपाल विद्युत प्राधिकरण काठमाण्डौ ग्रिड महाशाखा, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त भएका बोलपत्रहरु सोही दिनको १४:०० बजे बोलपत्रदाताहरु वा निजबाट अख्तियार प्राप्त प्रतिनिधिहरुको रोहवरमा ( निजहरु अनुपस्थित रहेमा पनि) काठमाण्डौ ग्रिड महाशाखा,मिनभवन काठमाण्डौंमा खोलिनेछ। उक्त दिन कार्यालय बिदा पर्न गएमा त्यसको भोलिपल्ट (कार्यालय खुलेको दिन) माथि उल्लेखित समय र स्थानमा बोलपत्र बुझ्ने तथा खोल्ने कार्य गरिनेछ । माथि उल्लेखित स्थान बाहेक अन्यत्र दर्ता भएका वोलपत्र स्वतः रद्ध हुनेछन् ।

७) **सूचना पठाउने** :-

बोलपत्रदाताले बोलपत्रमा पत्र व्यवहार गर्ने आफ्नो नाम थर, स्थायी, अस्थायी ठेगाना, सम्पर्क टेलिफोन नम्बर र ईमेल ठेगाना समेत उल्लेख गर्नु पर्नेछ । उक्त ठेगानामा कुनै पनि माध्यमबाट पठाईएको पत्रहरु समयमा पुगेको मानिनेछ ।

८) **बोलपत्र अस्वीकृत हुने अवस्था** :-

(क) वोलपत्र E Bid को माध्यमवाट प्राप्त नभएमा वा सम्बन्धित कार्यालयबाट ( E-Bid माध्यमवाट) विक्री भएको बोलपत्र फाराम भरी दाखिला नगरेमा ।

(ख) बोलपत्र पेश गर्दा जुन नामबाट बोलपत्र खरिद गरिएको हो सोही नामबाट बोलपत्र दाखिला गर्नु पर्नेछ । संयूक्त उपक्रममा बोलपत्र पेश गर्दा संयूक्त उपक्रमकै नामबाट बोलपत्र खरिद गर्नु पर्नेछ, एकलनामबाट बोलपत्र खरिद भई संयूक्त उपक्रममा बोलपत्र दाखिला गर्न सकिने छैन ।

(ग) बोलपत्र बमोजिम खुलाउनुपर्ने कुरा उल्लेख नगरेमा वा गलत उल्लेख गरेमा वा बोलपत्र दाखिल गर्ने मिति र समय भित्र बोलपत्र दाखिला नगरेमा ।

घ) कार्यालयवाट माग भएको जमानत रकम र सोको मान्य अवधि सहितको जमानत पत्र पेश नगरेमा ।

ङ) बोलपत्रदाताले वोलपत्र सम्वन्धी सुचना तथा वोलपत्र सम्वन्धी फारमा उल्लेख भएका फर्म/कम्पनी दर्ता, कर दर्ता प्रमाणपत्र र हाल सम्मको नविकरण/कर चुक्ता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि  तथा व्यक्तिको हकमा पान नं र नागरिकता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि पेश नगरेमा ।

च) खरिद तथा दाखिला गर्ने व्यक्ति, फर्म, कम्पनीको नाम एउटै नभएमा ।

ज) रितपुर्वक वोलपत्र पेश नभएमा ।

झ) एक वोलपत्र दाताले एक भन्दा वढी वोलपत्र दाखिला गरेमा ।


ञ) समयसिमा भित्र वोलपत्र दाखिला नगरेमा ।

**९) बोलपत्रको स्वीकृती** :-

कवोल मुल्यको दश प्रतिशतले हुन आउने रकमको रीतपूवर्कको बैंक जमानत पेश गरेका वा धरौटी वापत नगदै जम्मा गरेका र म्याद भित्र पर्न आएका वोलपत्रहरु मध्ये प्राधिकरणवाट कायम भएको न्यूनतम मूल्यभन्दा अधिकतम मुल्य अर्थात सबैभन्दा बढी मूल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ । कुनै कारण जनाई वा नजनाई बोलपत्रमा सबैभन्दा बढी मूल्यांकित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ ग्रिड महाशाखामा सुरक्षित रहनेछ ।

**१०) बोल कवोल रकमको भुक्तानी** :-

स्वीकृत भएको बोलपत्रदाताले कबोल गरेको रकम हिसाव गरि नेपाल विद्युत प्राधिकरण काठमाण्डौ ग्रिड महाशाखाको नाममा नविल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. 00201017505422 मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर साथ सम्झौता गर्न आउनु पर्नेछ । बोलपत्रदाताले उल्लेखित कार्यालयको काममा प्रयोगमा नआउने पुराना सामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा एकमुष्ट (स्वीकृती अनुसार) बुझेर लिनु पर्नेछ ।



## ११) सम्झौता गर्न आउने :-


दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङकन समाप्त भई मूल्यांकन प्रतिवेदन पेश भए पछि बोलपत्र प्रस्तुत कर्ताको प्रस्ताव स्वीकृत भएको जानकारी तुरुन्तै दिईनेछ। तोकिएको समय भित्र सम्झौता गर्न आउनु स्वीकृत बोलपत्रदाताको कर्तव्य हुनेछ। यसरी समयमानै सम्झौता गर्न नआएमा वा कबोल गरे अनुसारको रकम जम्मा गरि लिलामी सामानहरु एकमुष्ट नउठाएमा बोलपत्र जमानत वापत राखेको धरौटि जफत गरि नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली २०६८ (संशोधन सहित) अनुरुप कार्वाही हुनेछ। यसमा उल्लेख नभएको विषयहरुमा नेपाल विद्युत प्राधिकरणको नियम विनियम तथा नेपाल सरकारको प्रचलित नियम कानुन अनुसार कारवाही गरिनेछ।

## १२) सामान उठाई लैजानु पर्ने अवधि :-

सफल बोलपत्रदाताले सम्पुर्ण रकम जम्मा गरी कार्यादेश पाएको मितिले २५ (पच्चीस) दिन भित्र लिलाम गरिएका सामानहरु सामान राखिएका **सवस्टेशनहरुमा** जे जस्तो अवस्थामा छ सोही अवस्थामा (कुनै पनि काम नलाग्ने सामानहरु भएमा पनि) उठाई लगि सक्नु पर्नेछ। सामान उठाई लैजाने समयावधी कम भएमा वोलपत्रदाताले सम्झौतामा तोकिएको म्याद सकिन ७ दिन अगावै निवेदन दिन सक्नेछ। ने.वि.प्रा.लाई हानी नोक्सानी नहुने अवस्थामा माग गरिएको म्याद थप गर्न सकिनेछ। सामान ढुवानी तथा कामदारको खर्चको व्यवस्था बोलपत्रदाता आफैले गर्नु पर्नेछ। सामान उठाई लांदा सम्झौता वा वोलपत्रमा भएको शर्त वाहेकका थप शर्तहरु तथा सुविधाहरु वोलपत्रदाताले माग गर्न सक्नेछैन। वोलपत्रदाताले सामान उठाउंदा वा लैजांने क्रममा प्राधिकरणलाई कुनै हानी नोक्सानी भएमा वोलपत्रदाताले व्यहोर्नुपर्नेछ। वोलपत्रदाताले सामानहरु लैजाने क्रममा व्यवसायजन्य स्वास्थ्य सुरक्षा लगायत सुरक्षा विधि अवलम्वन अनिवार्य रुपमा गर्नुपर्ने छ। वोलपत्रदाताले माग तोकिएको म्याद भित्र बाँकी रकम बुझाई पुराना सामानहरु उठाई नलगेमा धरौटी वापतको रकम जफत गरि ने.वि.प्रा., आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधन सहित) बमोजिम कारबाही गरीनेछ।

१३) लिलाम सामानको नापजांच,गन्ती तथा तौल सम्वन्धमा।

लिलाम सकार गर्ने सफल वोलपत्रदाताले वोलपत्रको BOQ मा एवंम वोलपत्रमा उल्लेख भएका स्थान वा सवस्टेनहरुवाट जे जस्तो अवस्थामा रहेका छन सोही अवस्थामा लैजानुपर्नेछ र सामानहरुको एकिन ,गन्ती तथा परिमाण तथा तौल सम्वन्धी निर्धारण लगायत आवश्यक कार्य गरी वोलपत्रदातालाई हस्तान्तरण गर्न महाशाखावाट एक कमिटी गठन गरिनेछ।सोही कमिटीले सामानहरु हस्तान्तरणको आवश्यक प्रकृया सम्पन्न गर्नेछ। तौल एकिन गर्न लाग्ने खर्च सम्वन्धित वोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ। कथम कदाचित वोलपत्रमा उल्लेख भएको सामानहरुको तौल थपघट हुंदा दररेट र रकम सम्वन्धमा वोलपत्रदाताले वोलकवोल गरेको रकम अनुसार हिसाव गरिनेछ र वोलपत्रदातावाट भुक्तानी सम्पन्न भएपश्चात मात्र सामान लैजान मिल्नेछ।



**१४) कर तथा अन्य दस्तुर** :-

(क) आफूले खरिद गर्न चाहेको सम्पुर्ण पुराना सामानहरुमा नियमअनुसार लाग्ने सवै कर, दस्तुर, महशुल भए सो समेत र अन्य लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले भुक्तानी गनु पर्नेछ ।

(ख) लिलाम सकारे वापत कुनै किसिमको दस्तुर नेपाल सरकारका कुनै निकाय,स्थानीय तह या अन्य संस्थामा तिर्न बुझाउनु पर्ने भएमा सो सम्पूर्ण रकम बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

**१५) यस सँग सम्बन्धीत कानुनी कुराहरु** :

यसमा उल्लेख भएका विषयमा यसै बमोजिम र नभएको हकमा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८, (संशोधन सहित) तथा सम्बन्धित अन्य विनियमावली अनुसार र सोमा पनि उल्लेख नभएकोमा नेपाल राज्यको प्रचलित कानुन बमोजिम हुनेछ ।

माथि उल्लेखित सबै शर्तहरु स्वीकार गर्न मञ्जुर छु भनि सहीछाप गर्ने बोलपत्रदाता वा निजको अधिकार प्राप्त अधिकारीको सहीछाप :-

बोलपत्रदाता व्यक्ति/फर्म/कम्पनीको नाम :-


प्रोपाइटर वा अख्तियार प्राप्त व्यक्तिको नाम :-

स्थायी ठेगाना :-

अस्थायी ठेगाना :-

सहीछाप (प्रत्येक पानामा समेत) :-

मिति :- टेलिफोन/मोबाइल नं.



नेपाल विद्युत प्राधिकरण
प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग


# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौ

## परिमाण र मूल्यपत्र (Bill Of Quantity)-घ

| क.स. | सामानको विवरण | सामान रहेको | ईकाई | सँख्या | तौल के.जी (क) | कार्यालयको स्वीकृत प्रति ईकाई दररेट (ख) | कार्यालयको कुल मूल्य (ग=क×ख) | बोलपत्रदाताले कबोल गरेको प्रति ईकाई दर | | बोलपत्रदाताले कबोल गरेको कुल रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रु. अंकमा, (घ) | अक्षरुपी (अक्षरमा) | रु. अंकमा, ( च=क×घ) | अक्षरुपी (अक्षरमा) |
| १ | Cable Drum Big Size | Bhaktapur s/s | Nos | १ | १२७५ | ६५ | ८२,८७५। | | | | |
| २ | Cable Drum | Bhaktapur s/s | Nos | ५ | ३५३५ | ६५।०० | २,२९,७७५। | | | | |
| ३ | Iron and Iron related items | Bhaktapur s/s | K.G | | ३३५० | ६५।०० | २,१७,७५०। | | | | |
| ४ | Oil drums | Syuchatar s/s | Nos | ३६ | ९७२ | ६५।०० | ६३,१८०।०० | | | | |
| ५ | Cable Drum Big Size | Syuchatar s/s | Nos | ३ | ४३३८ | ६५।०० | २,८१,९७०। | | | | |
| ६ | Cable Drum Big Size | Syuchatar s/s | Nos | २ | ११८५ | ६५ | ७७,०२५। | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | Cable Drum medium size | Syuchatar s/s | Nos | २ | ४०० | ६५ | २६,०००। | | | | |
| ८ | Cable Drum medium size | Matatirtha s/s | Nos | ४ | १३८० | ६५ | ८९,७००। | | | | |
| ९ | Cable Drum Big size | Chapali s/s | Nos | १६ | २१४४० | ६५ | १३,९३,६००। | | | | |
| १० | Cable Drum medium size | Chapali s/s | Nos | ३० | १९३५० | ६५ | १२,५७,७५०। | | | | |
| ११ | Cable Drum small size | Chapali s/s | Nos | १ | २३३ | ६५ | १५,१४५। | | | | |
| १२ | Iron and Iron related items | Chapali s/s | Kg | | १२५७५ | ६५ | ८,१७,३७५ | | | | |
| जम्मा (तौल ७०,०३३ के.जीको ) | | | | | | | ४५,५२,१४५।- | | | | |
| १३ % भ्याट | | | | | | | ५,९१,७७८।८५ | | | | |
| जम्मा | | | | | | | ५१,४३,९२३।८५ | | | | |



नेपाल विद्युत प्राधिकरण
प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

# काठमाण्डौ ग्रिड महाशाखा

मिनभवन, काठमाण्डौ

नोट : आईटमवाईज रेटको सट्टा एकमुष्ट कबोल मुल्य पनि उल्लेख गर्न सकिनेछ। कबोल गरेको रकम देहायको स्थानमा अंक र अक्षरमा समेत स्पष्ट लेख्नु पर्नेछ। कबोल गरेको कुलजम्मा रकम (भ्याट सहित) = रु.........................................

अक्षरमा .........................................................................................................................

बोलपत्र प्रस्तावकको नाम :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

सम्पर्क फोन :

दस्तखत र छाप :

